
# सामुदायिक विद्यालयमा पाले व्यवस्थापन कार्यविधि, २०७९




प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश

नेपाल

प्रस्तावना

यस प्रतापपुर गाउँपालिकाको विद्यालयहरुको भौतिक सम्पत्ति संरक्षण गर्दै विद्यालयहरुमा भएका अमर्यादित गतिविधि नियन्त्रण गरी सुरक्षित विद्यालय कायम गराउनको लागि प्रतापपुर गाउँपालिकाको कार्यालयले पाले व्यवस्थापन कार्यविधि, २०७९ वनाई जारी गरेको छ।

## परिच्छेद - १

### प्रारम्भन

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम"सामुदायिक विद्यालयमा पाले व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो निर्देशिका प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "पाले" भन्नाले सामुदयिक विद्यालयमा विद्यालय खुलेको समय बाहेकको समयमा रेखदेख गर्न खटाएको व्यक्ति सम्झनु पर्छ।

(ख) "विद्यालय" भन्नाले यस कार्यविधिमा सामुदायिक विद्यालयलाइ मात्र सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले प्रतापपुर गाउँपालिकाको कार्यपालिकालाइ सम्झनु पर्छ।

उमेश ... अध्यक्ष

(घ) "स्थानीय तह" भन्नाले प्रतापपुर गाउँपालिकालाइ सम्झनु पर्छ।

(च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारका बाट नियमित रुपमा अनुदान पाउने गरी मान्यता तथा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ।

## परिच्छेद - २

## उद्धेश्य

३. यस कार्यविधिको उद्धेश्यहरु तपसिल अनुसार छन्:

क) पाले व्यवस्थापन कार्यविधिलाइ प्रभावकारी रुपमा कार्यान्वयन गराउनु।

ख) निर्धारीत कार्य अनुरुप कार्यक्रम कार्यान्वयनमा सहजिकरण गराउनु ।

४. कार्यक्रमका उद्धेश्यहरु: यस कार्यक्रमका उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

क) विद्यालय समय बाहेकको समयमा विद्यालयमा बसि विद्यालयको रेखदेख गराउने।

ख) विद्यालयको भौतिक सम्पत्तिको सुरक्षा गर्ने।

उमेश चन्द्र यादव
अध्यक्ष

ग) विद्यालयमा हुने हानिनोक्शानी नियन्त्रण गर्ने।

घ) विद्यालयमा पुगेको क्षति न्यूनीकरण गराइ विद्यालयको संरक्षणमा समुदायलाइ नै जवाफ देही गराउने।

ङ) विद्यालयमा हुने गलत नियतका गतिविधीहरु नियन्त्रण गर्ने।

च) विद्यालयको नजिकको व्यक्तिको रुपमा रहि सरकारी सम्पत्तिको संरक्षण गराउने।

## परिच्छेद - ३

## छनौट समिति र छनौटको आधार

५. विद्यालयमा रहने पाले व्यवस्थापनको लागि तपसिल अनुसारको छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | अध्यक्ष |
| ख) शिक्षा शाखाको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ग) विद्यालयको प्रधानाध्यापक | सदस्य, सचिव |

यस कार्यविधि लागु हुनु भन्दा अगावै विद्यालयमा पालेको व्यवस्थापन भएको खण्डमा एक पटकको लागि सोही पालेलाइ नै निरन्तरता दिन सकिनेछ।

उमेश चन्द्र ...
अध्यक्ष

६. पाले छनौटको आधार: यस कार्यविधि अनुसार पाले छनौटको लागि तपसिल अनुसारको आधार हुनेछ:

क) विद्यालयको सूचना अनुसार दर्ता भएको ।

ख) स्थानीय तहको विद्यालय देखि सबै भन्दा नजिकको व्यक्ति ।

ग) पहिलो विज्ञापनमा उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र यसमा कसैको उमेदवारी नपरेमा १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्ने छ। दुबै विज्ञापनमा पनि दरखास्त नपरेमा १८ वर्ष पुरा भएको र विव्यसको निर्णय अनुसार नियम पूर्वक नियुक्त गर्न सकिनेछ ।

घ) विद्यालयको रेखदेख गर्न सक्ने र जवाफदेही भएको।

ङ) नियमित विद्यालय समय बाहेकको अवस्थामा विद्यालयमा नै वस्न सक्ने ।

च) विद्यालयको भौतिक सम्पत्तिको पूर्ण जिम्मेवारी लिन सक्ने।

उमेश ... 
अध्यक्ष

परिच्छेद - ४

## पालेको जिम्मेवारी, सेवा सुविधा र आचरण

७. पालेको जिम्मेवारीः यस कार्यविधि अनुसार पालेको जिम्मेवारी देहाय वमोजिम हुनेः

क) नियमित रुपमा विद्यालयको खुलेको समय बाहेकको समयमा रेखदेख गरी विद्यालयमा नै बस्नु पर्ने ।

ख) सार्वजनिक विदाको दिन पनि अनिवार्य रुपमा विद्यालयमा नै बस्नु पर्ने ।

ग) विद्यालयको सम्पूर्ण भौतिक वस्तुहरुको संरक्षण गरी जिम्मेवारी लिनुपर्ने।

घ) विद्यालय प्रशासनले दिएको जिम्मेवारी पुरा गर्नु पर्ने।

ङ) विद्यालयमा कुनै किसिमका गलत क्रियाकलाप भए गरेको थाहा पाएमा विद्यालय प्रशासन, गाउँपालिका र सुरक्षा निकायमा जानकारी गराउनु पर्ने।

८. सेवा सुविधा र आचरणः यस कार्यविधि अनुसार पालेको सेवा सुविधा देहाय वमोजिम हुनेः

उमेश चन्द्र यादव
अध्यक्ष

क) मासिक पारिश्रमिक गाउँ कार्यपालिकाले विनियोजन गरी गाउँ सभाबाट स्वीकृत भए बमोजिम हुनेछ।

ख) एक पटक गाउँपालिकाले विनियोजन गरेको वजेट अनुसार एक आर्थिक वर्षको लागि मात्र पारिश्रमिक प्राप्त हुनेछ।

ग) पालेको तलब भत्ता निजको बैंक खातामा नै निकासा हुनेछ।

घ) विद्यालयले त्रैमासिक रुपमा पालेको मागफाराम बनाइ पेश गर्नुपर्ने छ।

ङ) गाउँपालिकाले हरेक आर्थिक वर्षमा वजेट विनियोजन गरेको खण्डमा मात्र सेवा निरन्तरता हुनेछ।

च) विद्यालयमा नियम विपरितका आचारणहरु गर्न पाइने छैन।

छ) सेवामा रहँदा आचरण विपरित काम गरेको ठहरिएमा विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ।

ज) राम्रो जिम्मेवारी पुरा गर्ने पालेको मूल्यांकन गरी गाउँपालिकाले पुरस्कृत गर्न सक्नेछ।

उमेश चन्द्र
अध्यक्ष

CamScanner

## परिच्छेद - ५

## विविध

अनुगमन तथा मुल्यांकनः विद्यालयको व्यवस्थापन समिति र
ालय प्रशासनले पालेको कार्य कुशलताको अनुगमन तथा
ल्यांकन गर्नेछ।

०. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा उल्लेखित
एको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन
मोजिम हुनेछ।

११. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनमा कुनै
ाधा आइपरेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

उमेश चन्द्र यादव
अध्यक्ष